NIC ASIA CAPITAL

ISO 9001 : 2015 Certified Capital

ICRA RATING:
AMC Quality 3

# प्रेस विज्ञप्ति

## आषाढ २०, २०७८

## एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्ड (NIC ASIA Select-30 Index Fund) को इकाई बाँडफाँड सम्बन्धमा ।

एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने तेश्रो बन्दमुखी योजना एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्डको प्रति इकाई रु.१०/- दरको १०,००,००,००० इकाई मध्ये बीज पूँजी बापतको न्यूनतम १५ प्रतिशत अर्थात १,५०,००,००० इकाई कोष प्रवर्द्धक एन आई सी एशिया बैंक लिमिटेडको लागि सुरक्षित बाँकी रहेको ८,५०,००,००० इकाई मिति २०७८/०३/१० गतेदेखि मिति २०७८/०३/१४ गतेसम्म दरखास्त माग गरिएकोमा उक्त अवधि भित्र ७१,३३८ सर्वसाधारण आवेदकहरुबाट जम्मा १४,५४,२३,१७० इकाई आवेदन प्राप्त भएको मध्ये १०० इकाई देखि ४५,००,००० इकाईसम्म माग गर्ने आवेदकहरुलाई माग गरे बमोजिम तथा ५०,००,००० इकाई देखि १,००,००,००० इकाईसम्म माग गर्ने आवेदकहरुलाई ४९,३०,६०५ इकाईका दरले बाँडफाँड गरिएको छ ।

साथै सामूहिक लगानी कोष निर्देशिका, २०६९ तथा नेपाल धितोपत्र बार्डवाट स्वीकृत विवरण पत्रमा भएको व्यवस्था अनुसार योजनाको इकाई सार्वजनिक निष्काशनको समयमा माग गरिएको इकाई भन्दा बढी आवेदन प्राप्त भएमा उक्त योजनको आकारमा २५ प्रतिशत सम्म बृद्धि गरी बाँडफाँड गर्न सकिने व्यवस्था भए बमोजिम एन आई सी एशिया सेलेक्ट-३० इन्डेक्स फण्डको आकार रु.१ अर्बबाट बृद्धि गरी रु.१ अर्ब २५ करोड कायम हुने गरी मिति २०७८/०३/२० गते आइतबार बिहान १०:३० बजे निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय बबरमहल, काठमाण्डौंमा इकाईको बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

Ramendra

NIC ASIA CAPITAL

रमेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

१ नेपाली एक DEMAT

मेरो लगानी, मेरो भविष्य